नेपाल सरकार
वन तथा भू -संरक्षण मन्त्रालय
राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण बिभाग
२०६६ श्रावण १२ गते सोमबार

## नेपालमा हिँउचितुवा र बाघको संख्या अध्याबधिक गरिएको प्रेस बिज्ञप्ति

राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण बिभागको संयोजकत्वमा बन बिभाग, डब्लु डब्लु एफ नेपाल र राष्ट्रिय प्रकृति संरक्षण कोषको सहयोगमा हिँउ चितुवाको अनुगमनको कार्य सम्पन्न भएको छ। सो कार्य वि.स. २०६५ साल बैसाख देखि सुरु गरिएको थियो। यसको लागि नेपालको हिमाली भेगलाइ हिँउ चितुवाको सम्भावित बिचरणको आधारमा ५ प्रमुख क्षेत्रहरुमा बिभाजन गरि Snow Leopard Information Management System (SLIMS) बिधि अपनाई बिस्तृत अनुगमन गरिएको थियो। यस अन्तर्गत हिउ चितुवा वढी सक्रिय हुने फेब्रुवरिदेखि मे महिनामा हिँउ चितुवाका चिन्हहरु, यसको बासस्थान र आहारा सम्बन्धि तथ्याङ्क संकलन गरिएको थियो। तत् पश्चात चिन्हको घनत्व, उपलब्ध बासस्थान, आहारा र हिँउ चितुवाको संख्या बिचको गणितिय अन्तरसम्बन्ध तयार पारि नेपालका लागि हिँउ चितुवाको प्रारम्भिक संख्या अनुमान गरिएको थियो। जसअनुसार नेपालमा हिँउ चितुवाको संख्या लगभग ३०० देखि ४०० सम्म रहेको अनुमान गरिएको छ। यस अनुगमन कार्यको बिस्तृत बिबरण हालसालै चिनको बेइजिङ्गमा सम्पन्न बिश्वका संरक्षणबिद्हरुको गोष्ठिमा प्रस्तुत गरिएको थियो। यो कार्य सम्पन्न गर्न स्थानिय हिँउ चितुवा संरक्षण समितिहरुबाट स्थलगत अनुगमन कार्यमा र डब्लु.डब्लु.एफ यू.एस., यू.के. तथा फिनल्याण्डबाट आर्थिक सहयोग प्राप्त भएको थियो।

यसैगरि बाघ अनुगमनको कार्य २०६५ साल मंसिर ५ (२० नोभेम्बर २००८) गते देखि तराईका संरक्षित क्षेत्रहरु (पर्सा वन्यजन्तु आरक्ष, चितवन राष्टिय निकुञ्ज, वर्दिया राष्टिय निकुञ्ज र शुक्ला फांट वन्यजन्तु आरक्ष) मा ३०० वटा क्यामेरा थापि बाघको अनुगमन कार्य सूरु भई फागुन १२ (२४ मार्च २००९) मा सम्पन्न भएको थियो। क्यामेरा ट्र्यापिङ्ग कार्य गर्न ९,४८० मानव दिन (Man days) र ९१५ हात्ति दिन (Elephant days) लागेको थियो।

संरक्षित क्षेत्रहरुभन्दा बाहिर वाघको संभावित वासस्थान रहेका तराईका पूर्वमा रौतहटदेखि पश्चिममा कन्चनपुरसम्मका १४ जिल्लाहरुमा बाघ भए नभएको अनुमान गर्न अप्रत्यक्ष बिधि अपनाइएको थियो। यस कार्यमा ४० जना सरकारी कर्मचारीहरु र ४५ जना स्वयमसेवी गरि कुल ८५ जना वन्यजन्तु प्रविधिकहरु संलग्न थिए। सो कार्य वि.स.२०६५ साल मंसिर ४ गते (१९ नभेम्बर २००८) देखि सूरु भई माघ २५ गते (७ मार्च २००९) सम्म स्तरीयविधि अपनाई वाघको उपस्थिति भए वा नभएको तथ्याङ्क संकलन गरिएको थियो। यसरी १४ जिल्ला मध्ये रौतहट, पाल्पा, कपिलवस्तु र दाङ जिल्ला वाहेका अन्य १० जिल्लामा बाघ रहेको संकेत पाईएको छ।

नेपालमा प्रत्येक ५ बर्षमा बाघको अनुगमन गर्ने कार्यक्रम अनुसार वि.सं. २०५७ सालमा (सन् १९९९/२०००) बाघको संख्या सार्बजनिक गरिएको थियो। त्यसबेला ९८ देखि १२३ बयस्क

बाघ रहेको अनुमान गरिएको थियो । हाल नेपालमा १२१ वटा बयस्क बाघ (१०० देखि १९४ सम्म) रहेको अनुमान गरिएको छ । जसमध्ये चितवन राष्ट्रिय निकुञ्जमा ९१ वटा (७१ देखि १४७ सम्म), बर्दिया राष्ट्रिय निकुञ्जमा १८ वटा (१७ देखि २९ सम्म), शुक्लाफाँटा वन्यजन्तु आरक्षमा ८ वटा (८ देखि १४ सम्म), र पर्सा वन्यजन्तु आरक्षमा ४ वटा  रहेको अनुमान गरिएको छ ।
यसपटकको बाघ अनुगमन कार्यको लागि नेपाल सरकार, राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण बिभाग, राष्ट्रिय प्रकृति संरक्षण कोष र डब्लु. डब्लु. एफ. नेपालका कर्मचारीहरु, हात्ती तथा अन्य स्रोत साधान परिचालन गरिएका थिए ।

यस कार्यको लागि रीष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण बिभाग, डब्लु डब्लु एफ नेपाल र राष्ट्रिय प्रकृति संरक्षण कोषले पेस गरेको प्रस्तावना मार्फत १७० हजार अमेरिकी डलर श्रोत सेभ द टाईगर फण्ड (STF.) बाट आर्थिक सहयोग अनुदान स्वरुप प्राप्त गरेको थियो । वांकी १६० हजार अमेरिकी डलर डब्लु. डब्लु. एफ. नेपाल मार्फत यु. एस. फिस एण्ड वाईल्डलाईफ सर्भिस, डब्लु. डब्लु. एफ. यु. एस., डब्लु. डब्लु. एफ. इन्टरनेसनल र डब्लु डब्लु एफ. यु. के. बाट प्राप्त गरिएको थियो ।  .

यो कार्य सम्पन्न गर्न केन्द्रियस्तरमा राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण बिभागको महानिर्देशकको संयोजकत्वमा, डब्लु डब्लु एफ नेपालका राष्ट्रिय प्रतिनिधि र राष्ट्रिय प्रकृति संरक्षण कोषका सदस्य सचिव रहेको एक मूल समिति, प्राबिधिक रुपमा कार्य गर्न राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण बिभागका महानिर्देसकको संयोजकत्वमा, बन तथा भू-संरक्षण मन्त्रालय, राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण बिभाग, बन बिभाग, डब्लु. डब्लु. एफ., राष्ट्रिय प्रकृति संरक्षण कोषका प्राबिधिकहरुको समिति र स्थलगतस्तरमा सम्बधित संरक्षित क्षेत्रका प्रमुख संरक्षण अधिकृतको संयोजकत्वमा तराइ भू-परिधि कार्यक्रम, राष्ट्रिय प्रकृति संरक्षण कोषका फिल्ड कार्यलयका प्रमुख, सम्बन्धित जिल्ला बन कार्यालयका प्रमुख, मध्यवर्ति क्षेत्र ब्यवस्थापन समितिका प्रतिनिधि, सम्बधित संरक्षित क्षेत्र सुरक्षार्थ खटिएका नेपाली सेनाका प्रमुख समेतको समितिले कार्य गरेको थियो । साथै यस कार्यमा संरक्षित क्षेत्र वरीपरी संचालित पर्यटन व्यवसायीहरुको पनि सहयोग प्राप्त भएको थियो ।